# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### व्यवसायिक जगतको हित प्रवर्द्धनमा नेपाल राष्ट्र बैंक सकारात्मकः गभर्नर डा. नेपाल

(नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधिमण्डलको गभर्नरसँग भेटवार्ता)

नेपाल उद्योग वाणिज्य महासंघका कार्यवाहक अध्यक्ष भवानी राणाको नेतृत्वमा आएको एक प्रतिनिधि मण्डलले गभर्नर डा. चिरंजीबि नेपालसँग पुस ८ गते उहाँकै कार्यकक्षमा भेटवार्ता गऱ्यो ।



भेटवार्ताको क्रममा गभर्नर डा. नेपालले उद्योग तथा व्यापार क्षेत्रमा परेको समस्यालाई सम्बोधन गर्न सरकारले राहत कार्यक्रममार्फत् विशेष व्यवस्था गर्न लागेको जानकारी दिनुहुँदै सोही व्यवस्थामा महासंघका मागहरु समेत सम्बोधन हुने अपेक्षा राख्नुभयो । उहाँले व्यवसायिक जगतको हित प्रवर्द्धनमा नेपाल राष्ट्र बैंक सधैं सकारात्मक रहने धारणा राख्दै भूकम्पपछि र तराई बन्द तथा नाकामा यातायात अवरोधपछि नेपाल राष्ट्र बैंकले पछिल्ला दिनमा नीतिगत व्यवस्था गरी राहत प्रदान गर्नु त्यही सोचको परिणाम भएको बताउनुभयो । नेपाल सरकारले ल्याउने राहत कार्यक्रमपछि पनि थप व्यवस्था गर्नुपरेमा नेपाल राष्ट्र बैंक छलफलका लागि तयार रहेको जानकारी समेत गभर्नर डा. नेपालले दिनुभयो । व्यापार अवरोधलाई हटाउन दुवै देशका उद्योग तथा वाणिज्य क्षेत्रका संघ संस्थाले समेत सक्रिय भूमिका निर्वाह गर्नु पर्ने धारणा समेत गभर्नर डा. नेपालले राख्नु भयो ।

भेटवार्ताको क्रममा कार्यवाहक अध्यक्ष भवानी राणाले तराई बन्द तथा नाका अवरोधका कारण शिथिल बनेको उद्योग तथा व्यपार क्षेत्रलाई राहत दिन चालू पुंजी कर्जाको मार्जिन दर कम गर्न, ब्याजमा अनुदान दिन तथा कर्जाको पुनर्तालिकीकरणको अवधि थप गर्ने व्यवस्था मिलाउन आग्रह गर्नुभएको थियो ।

२०७२ पुस ८, बुधबार

गभर्नरको कार्यालय